नागढुंगा सिस्नेखोला सुरुङ निर्माण आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुदै गर्दा र निर्माण कार्य अगाडी बढ्दै गर्दा चन्द्रागिरी नगरपालिका वडा नं २ का हामी वडावासी अत्यन्तै खुसि थियौ र हामीले उत्साह पूर्वक स्वागत पनि गर्यौं। सुरुङ निर्माण कार्य अगाडी बढ्दै गयो, हाम्रो पुर्खा देखि निर्वाद रूपमा उपभोग गर्दै आएको खानेपानीका मुहानहरु सुक्न थाल्यो, घरहरु चर्किन थाल्यो, सिंचाईमा प्रयोग हुने खोला खोल्सीहरु, ईनारहरु सुक्न थाल्यो, जमिनहरुमा धाजा फाट्न थाले, ब्लास्टिंगको कारण जमिनहरुमा पहिरोहरु जान थाल्यो। तब चन्द्रागिरी नगरपालिका वडा नं २ का (बसनडोल देखि नागढुंगा सम्म) बासिन्दाहरु हाम्रो समस्याहरु समाधान होस् भनि आयोजना र सम्बन्धीत निकायमा हाम्रा समस्याहरु राख्यौ र पटक पटक ताकेता गर्यौं। तर हाम्रा समस्याहरु समाधान हुने बाटोमा गएन, पटक पटक छलफल र वार्तामा बस्यौ, समस्याहरु समाधान गर्दिन्छौ भनियो तर पनि हाम्रो समस्याहरु समाधान हुने देखिएन।

मिति २०८१/८/१४ गते नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा मन्त्री स्तरीय बैठकमा निर्णय भई मन्त्रीपरिषदमा निर्णयार्थ पेश गर्दा नेपाल सरकारले नै मनन गरेका कुराहरुलाई हेर्ने हो भने कुराहरु प्रष्ट हुन आउँछ। नेपाल सरकारले मनन गरेका कुराहरु, नेपालमा सुरुङ निर्माण आयोजना पहिलो भएकोले नेपाल सरकारलाई अनुभव नभएका कुराहरु, सुरुङ निर्माणबाट उत्पन्न समस्याहरु समाधानको लागि कानुन निर्माण गर्न आवश्यक रहेको भनि मनन गर्दै गर्दा चन्द्रागिरी नगरपालिका र आयोजना बीच भएको (MOU) लाई देखाई आयोजना पक्ष आफ्रो जिम्मेवारी बाट पन्छिन खोज्नु न्याय सम्बत छ त? एकातिर देश भित्र पहिलो सुरुङ मार्ग हो त्यस कारण निर्माण गर्दै गर्दा नेपाल सरकारलाई अनुभवको कमि छ यससंग सम्बन्धीत कानुनहरु निर्माण गर्नु पर्ने छ भन्ने अर्को तर्फ आएका समस्याहरु समाधान गर्ने तिर नलाग्दा राज्यले नै विभेद गर्न खोजेको हामी प्रभावितहरुलाई भान भएको छ । तसर्थ हामी प्रभावितहरुका समस्याहरु समाधानको पक्षमा जाइकाको भूमिका निर्णायक हुने विश्वासमा हामी उजुरीकर्ताहरु रहेका छौं।

परीक्षकहरुले अध्ययन अनुसन्धान गरि तयार पारेको प्रतिवेदन हेर्दा प्रस्टसंग सुरुङ निर्माण आयोजनाका कारण उत्पन्न समस्याहरु समाधान गरिनु पर्छ भन्न सकेको देखिंदैन। त्यसकारण हाम्रो भनाइहरु अहिले पनि के हो भन्दा सुरुङ निर्माणको कारण उत्पन्न समस्याहरु समाधान जसरी पनि गरिनु पर्दछ।

१) खानेपानी आयोजना संचालनको लागि आगामी दिनमा सुरुङ मार्ग संचालन गर्दा त्यस बाट संकलन हुने tax (प्रवेश शुल्क) बाट केहि % खानेपानी आयोजना संचालनमा पठाउने बिधि बनाउनु पर्छ जुन नितिगत निर्णय गर्नु पर्छ भन्ने कुरा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मनन गरिसकेको छ।

**२) वाटर लिफ्टिंग प्रोजेक्टको सन्दर्भमा चन्द्रागिरी नगरपालिका र धुनिवेशी नगरपालिका बीच सबै भन्दा पहिला समझदारी हुन आवश्यक रहेकोले आयोजना वा सम्बन्धित मन्त्रालयबाट समन्वय गरी सहमति कायम गर्नु पर्छ, त्यसपछि उक्त प्रोजेक्ट निर्माणको लागि आवश्यक बजेटको सुनिश्चितता गर्नु पर्छ।**

**३) चर्किएका घरहरुको सन्दर्भमा पहिलो चरणमा एकिन गरिएका १५ घरधुरीले क्षतिपूर्ति पाइसकेका छन् वा पाउने प्रक्रियामा छन्, अब पछि उजुरी परेकाहरुको अनुसन्धान गरि क्षतिपूर्ति पाउनु पर्ने घरधुरीलाई क्षतिपूर्ति पाउने सुनिश्चित गरिनु पर्दछ।**

**४) बाँकी अन्य विषयबस्तु - रोजगारी, supplementary योजना, मेसिन मर्मत र repairing का कुराहरु छलफलमा बसी छलफल बाट एउटा निष्कर्षमा पुग्नको लागि त्यति जटिल छैन भन्ने लाग्दछ।**